# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्याः २६, फागुन १६ गते, २०८० साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि (दोस्रो संशोधन), २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।११।१५

व्यास नगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

१. दफा ५ (ग) (३) "विभाजन भई नयाँ टोल विकास संस्था गठन गर्नका लागी कम्तीमा ५० घरधुरी सदस्य नबनेसम्म टोल विभाजन हुने छैन" **को सट्टा** "नयाँ टोल विकास संस्था गठन गर्नका लागी साविकको टोल विकास संस्थाको सहमतिमा शहरी वडा (१, २, ३, ४) मा न्यूनतम १०० घर धुरी र अर्धशहरी एवं ग्रामिण वडामा न्यूनतम ५१ घरधुरी हुनु पर्नेछ" राखी संशोधन गरिएको छ ।

२. दफा ५ (ग) (४) "यसरी साविकको टोल विभाजन भई नयाँ गठन हुँदा साविकको टोल विकास सस्थासँग छलफल गरी चार किल्ला निर्धारण गर्नुपर्नेछ । विभाजन भई नयाँ गठन हुने टोल विकास संस्थामा ५० जना सदस्य पुगेकोछ भने साविकको टोल विकास संस्थाको सहमति आवश्यक पर्नेछ" **को सट्टा** "साविकको टोल विभाजन भई नयाँ टोल गठन हुँदा साविकको टोल विकास सस्थासँग छलफल गरी चार किल्ला निर्धारण गर्नु पर्नेछ । यसरी नयाँ गठन हुने

टोल विकास संस्थामा एक घरधुरीको एक जना सदस्य रहने गरी शहरी वडा (१, २, ३, ४) मा न्यूनतम १०० जना सदस्य र अर्धशहरी एवं ग्रामिण वडामा न्यूनतम ५१ जना सदस्य हुनु पर्नेछ” राखी संशोधन गरिएको छ ।

आज्ञाले
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत